**95th ICC FACE TO FACE MEETING MINUTES (20-22 January 2024)**
**NRNA-ICC-23-25**

गैरआवासीय नेपाली संघको ९५ औं अन्तराष्ट्रिय कार्यकारी समितिको “फेस टु फेस बैठक” तथा कार्यशाला बैठकको मिटिङ्ग माईन्युट तथा विभिन्न निर्णयहरुः

**(माघ ०६ देखि ०८, २०८० साल, चन्द्रागिरी हिल्स रिसोर्ट, काठमाण्डौ)**

उक्त बैठक मिति २०८० साल माघ ०६ गते साँझबाट शुरु भई माघ ०८ गते सम्पन्न भएको थियो । बैठकमा संघका महासचिवले सम्पुर्ण सहभागी पदाधिकारीहरु तथा अन्य उपस्थिति महानुभावहरुलाई स्वागत गर्नुभई, बैठकका एजेन्डाहरुका बारेमा जानकारी गराउनु भएको थियो । त्यसपछि संघका अध्यक्ष डा.बद्री के.सी.ले उपस्थित सबै पदाधिकारीहरु तथा अन्य सहभागीहरुलाई स्वागत गर्दै बैठकको ३ दिनलाई घनीभुत रुपम छलफल गरी आगामी २ बर्षको कार्ययोजना तथा रणनीतिका लागि सबैलाई सक्रियताका साथ सहभागी हुन समेत अनुरोध गर्नु भएको थियो । बैठकको दोश्रो तथा तेश्रो दिनहरुमा विषयगत एजेन्डाहरुमा छलफल गरी विभिन्न निर्णयहरु तथा निष्कर्षमा पुगिएको थियो :

**बैठकका मूलभूत विषयहरु, निर्णयहरु तथा निष्कर्ष**हरुः

गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए आइसीसी)को ९५औं पूर्ण फेस टु फेस बैठक तथा ३ दिने कार्यशाला गोष्ठी सोमवार चन्द्रागिरीमा सम्पन्न भयो । जसमा भौतिक रुपमा दुई दर्जन देशबाट केन्द्रिय सल्लाहकारहरु, पदाधिकारी, कार्यसमितिका सदस्यहरु गरि ७० भन्दाबढी प्रत्यक्ष सहभागिता तथा भर्चुअल माध्यमबाट पनि थप पदाधिकारी, कार्यसमितिका सदस्यहरुको सहभागि रह्यो । गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसीको अध्यक्षतामा भएको बैठक तथा कार्यशालामा संस्थाका ११ विभागीय प्रमुखहरु, सचिवहरु तथा बिभिन्न समितिका सभापति साथै प्रोजेक्ट्सका प्रमुखहरुले आ-आफ्ना कार्ययोजना प्रस्तुत गर्नुभयो । कार्यशालाको विशेष सत्र एनआरएन हक-अधिकार सन्दर्भमा नेपालका प्रमुख ६ राजनीतिक दलका नेताहरुसंग एनआरएन नागरिकता, विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकार, प्रवासका नेपाली श्रमिकहरुको सामाजिक सुरक्षा, पिपल अफ नेपाली ओरिजिनलाई नेपालसंग जोड्ने, गोर्खाजको अधिकार स्थापित गर्ने लगायतका विषयमा छलफल भयो ।

अन्तरक्रिया कार्यक्रममा नेपाली कांग्रेसका सांसद शंकर भण्डारी, नेकपा एमालेका उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री विष्णु पौडेल, नेकपा एमालेका सचेतक महेश बर्तौला, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झा र गणेश पराजुली, नेकपा एकीकृत समाजवादीका सांसद तथा पूर्वमन्त्री राजेन्द्र पाण्डे, माओवादी केन्द्रका सांसद माधब सापकोटा, राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद तथा पूर्वमन्त्री ध्रुव बहादुर प्रधान, संविधानसभा सदस्यहरु खिमलाल देवकोटा (माओवादी), राधेश्याम अधिकारी (नेपाली कांग्रेस), एकीकृत समाजवादीकी सचिव तथा पूर्वमन्त्री रामकुमारी झाक्री, संघका संस्थापक महासचिव भिम उदास, संघका पूर्वउपाध्यक्ष

हितमान गुरुङ लगायतको उपस्थिति थियो । गैरआवासीय नेपाली संघद्वारा उहा‘‘हरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै ९५ औं बैठकले निम्नानुसार निर्णय गरेको जानकारी गराइन्छ ।

## १. एनआरएनए अभियान, संस्थाको सपना, दृष्टीकोण, कार्य रणनीति, तथा संस्थागत विकासः

- गैरआवासीय नेपालीहरुको हकहित तथा “नेपालीका नेपाली” को मूलभुत अभियान अन्तर्गत सबैलाई भावना, ब्यबहार तथा ब्यबसायिकरुपमा सम्बन्धित नेटवर्कमा सार्थक रुपमा जोड्न नेपाल सम्बन्ध र साझेधारीगर्ने कार्यमा संस्थाले सहज वातावरण बनाउने छ ।
- आगामी अक्टोबर २०२४ सम्म संस्थाको सपनाको रुपमा “भिजन २०५०” तय गरिने छ । जसमा वर्तमान कार्यकालको रोडम्याप, आशातित उपलब्धिहरु तथा २०३०, २०४० र २०५० मा संस्थाको इमेज र एनआरएनहरुको सम्भावित अवस्था र आवश्यकताको दृष्टीकोण सहितको रोडम्याप तयार पारि आवधिक कार्यनीतिको आधारमा संस्थागत विकास गरिने छ ।
- संस्थालाई बिबिधता, सहभागिता, स्वयंसेवा, परोपकार र नेपाल तथा नेपाली डायेस्पोरा कनेक्सनको मुलभूत सिद्घान्तको आधारमा स्मार्ट एनआरएनए सिस्टमलाई थप प्रभावकारी बनाउदै युग-सापेक्षिक रुपमा डिजिटल प्रविधिको प्रयोग सहित विकास गर्दै लगिने छ ।
  **लक्ष्य :** सन् २०२५ देखि नै हरेक कार्यकालमा संघमा आबद्ध संख्या गुणात्मक वृद्धि गरिनेछ । प्रेसिडेन्ट फ्ल्याग्शिप प्रोजेक्ट्सः प्रस्तोता अध्यक्ष डा. बद्री के.सी., उपाध्यक्ष डा. हेमराज शर्मा, उपाध्यक्ष रामशरण सिम्खडा, महिला उपाध्यक्ष रोजिना प्रधान राई, युवा उपाध्यक्ष रोशन थापा, सचिव टिका गुरुङ, सचिव पारसमणि पोखेल, सचिव स्वतन्त्र प्रताप शाह, प्रवक्ता फणिन्द्र पन्त ।
- नेपाल सरकार तथा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय महिला तथा बाल अधिकार परिषद्को सहकार्यमा गैरआवासीय नेपाली संघले नेपाल सरकारसंगको सहकार्यमा गत वर्ष देखि संचालित “असहाय बालबालिकाको सहायता परियोजनालाई निरन्तरता र थप तिब्रतादिंदै हाल रहेको ५०+ संख्यालाई २०२५ सम्म १००+ बनाइने छ । जसमा प्रत्येक आइसीसी सदस्यले १/१ जना बालबालिकालाइ स्वेक्षीक रुपमा सहयोग गर्ने छन् । २०२५ पश्चात वैधानिक व्यबस्थानै गरि प्रत्येक आइसीसी सदस्यले आफ्नो कार्यकालमा १/१ जना बालबालिकालाई सहायता गर्नुपर्नेछ ।
  आगामी निर्वाचनमा १० % अतिरिक्त शुल्क प्रत्येक प्रतिस्प्रर्धीले यस कोषमा जम्मा गर्नु पर्ने छ । प्रति बालबालिकाको आधारभूत शिक्षा, खानपान र स्वास्थ्यको लागि आवस्यक बार्षिक रु ६० हजार योगदान गर्नु पर्ने व्यवस्था छ । गत कार्यकाल देखि महिला विभागले सुरु गरेको यो प्रोजेक्ट्सलाई प्रेसिडेन्ट फ्ल्याग्शिप प्रोजेक्ट्सको रुपमा अगाडी बढाइने र महिला सचिव टिका गुरुङले प्रोजेक्ट्स संयोजकको भूमिकालाइ निरन्तरता दिनु हुनेछ ।
  **लक्ष्य :** सन् २०५० सम्ममा नेपालका सडक बालबालिका रहित बनाउन एनआरएनएले निरन्तर यस परियोजना संचालन गर्दै नेपाल सरकार तथा सम्बन्धित निकायलाई सहयोग गर्ने निर्णय भएको छ ।

- गैरआवासीय नेपाली संघको ७ वटै प्रदेशमा मोबाइल ब्लड बस दिने पुर्बबत निर्णय अनुसारको निरन्तरताको लागि बाँकी थप दुई प्रदेश गण्डकी र कर्णालीमा ब्लड बस साथै देशको राजधानी शहर काठमाडौंमा १ गरि यस कार्यकालमा जम्मा ३ मोबाइल ब्लड बस दिने निर्णय भएको छ। यसअघि मोबाइल ब्लड बस व्यबस्थापनको लागि आर्थिक सहयोग गर्ने दाताहरुप्रति संघ हार्दिक धन्यवाद व्यक्त गर्दछ।

  **लक्ष्य :** सन् २०३० सम्म नेपालमा गुणस्तरीय रक्तदानको अभावमा कोहि पनि नेपालीको ज्यान खतरामा नपरोस भनेर संघले नेपाल सरकारका निकाय, नेपाल रेडक्रस तथा जनस्तरीय अभियानमा भएको पार्टनरशिप लाइ निरन्तरता दिइने छ।

- नेपाल विकास फन्ड (प्रस्तोताः अनल कुमार भट्टराई) : १०० मिलियनको नेपाल विकास फन्डको नियमित सुचना जारी हुने छ। एनआरएनए प्रवर्धित यस कम्पनी नेपालमै पहिलो पटक डलरमा IPO जारी गर्ने कम्पनि बनेको छ। जसमा सबै एनआरएनहरु बिना कुनै लगानी सिमा शेयर लिन सक्ने प्रावधान स्वीकृत भएको छ।

- वार्षिक नाफाको १% रकम अनुदान जम्मा गर्नुपर्ने बैधानिक प्रावधान छ। संघका कार्यकारीहरुको थप माग अनुसार नेपाल विकास फन्डको बोर्ड तथा साधारण सभाले भविष्यमा थप आर्थिक सहयोग पनि उपलब्ध गराउन सकिने NDF का प्रमुख कार्यकारी अधिकृत अनल कुमार भटराईले जानकारी गराउनु भयो। जुन व्यवस्थाले संघलाई आर्थिक स्थायीत्व दिंदै मजबुद बनाउने छ।

२. **महिला विभागः प्रस्तोता महिला उपाध्यक्ष रोजिना प्रधान राई तथा महिला सचिव टिका गुरुङ।**

- यस कार्यकालमा पहिलो पटक "एनआरएन महिला विश्व सम्मेलन" हुने छ। महिला विभागको कोषमा संघका हरेक सदस्यता शुल्कको १ डलर रकम जम्मा गरिने छ। महिलाको उद्देम्शिलता विकास गरिने बिशेष कार्यक्रम ल्याइने छ। बालबालिका बृद्धिविकास तथा महिलाको स्वास्थ्य क्षेत्रमा सहायता गर्ने विशेष परियोजनाहरु अघि बढाइने छ। महिला उपाध्यक्ष रोजिना प्रधान राई तथा महिला सचिव टिका गुरुङले महिला विभागको प्राथमिकता तथा फ्रेम्वोर्क पेश गर्नुभएको थियो।

- गैरआवासीय नेपाली संघको अभियानमार्फत महिला तथा युवाहरुको सहभागिता सुनिश्चित गर्नुका साथै, दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई नेपाल र नेपाली भाषा, संस्कृति लगायतसँग जोड्ने किसिमका योजना निर्माण तथा कार्यान्वयनका लागि नेपाल सरकारसंग सहकार्य गर्नेछ।

**३. संगठन विभागः प्रस्तोता महासचिव गौरीराज जोशी, उपाध्यक्ष डा. हेमराज शर्मा, प्रवक्ता फणिन्द्र पन्त, विधान समिति सभापति भवानी ओली, प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत**

यस सेशनमा बाँकी केही पदाधिकारीहरुको शपथ ग्रहण समेत गरिएको थियो : नवनियुक्त आइसीसी सदस्यहरुले सफत ग्रहण गर्नुभयो ।

- SMART NRNA को बहुआयामिक संरचनालाई शसक्त रुपमा विकास गरिने र संस्थाको रुपान्तरण र स्थायीत्वलाई डिजिटल प्रबिधि, एआइ तथा सुचना संचारको भरपुर सदुपयोग गरिने गरि चुस्त,  दुरुस्त, सहभागितामुलक र पारदर्शी संस्थाको रुपमा अघि बढाइने छ ।

- सूचना, संचार तथा प्रकाशन : संस्थाको आफ्नै मिडियाहरुः सामाजिक/संजाल मिडिया तथा संस्थाको सुचना संचार च्यानललाई सापेक्षिक विकास गर्दै सशक्त बनाइने छ । संस्थाको अन्तरिक सुचना संचारप्रणालीलाई शसक्त बनाइने, सबै पदाधिकारीले संस्थाको सुचना - संचार नीति तथा निर्देशिका अनुसार कार्य गर्ने पर्ने छ । संस्थाले आफ्नो नेटवर्क तथा सुचना संचारको सहि समयमा सहि सदुपयोग गरि प्रवासी नेपालीलाइ आवस्यक जानकारी प्रबाह गर्ने तथा सुचनालाई सेवामुलक, जानकारीमुलक तथा अधिकारमुलक बनाइने छ ।

- संघको कार्य पारदर्शिताको लागि मासिक, त्रैमशिक, वार्षिक न्युजलेटर मार्फत रिपोर्टिंग जारी राखिने छ ।

- संस्थाले आफ्ना आवद्धित सदस्यलाई पारस्परिक हित हुने कार्य सामाजिक सहकार्य योजना (SSP २.०)  मार्फत संचालन गर्ने छ । जसमा “नेपाली डायस कनेक्सन प्रोजेक्ट्स” ले निरन्तरता र तिब्रता पाउने छ ।

- संस्थाको सचिवालय तथा विभिन्न परियोजना सञ्चालनमा आवश्यक समन्वयको लागि अध्यक्षको माताहतमा व्यवस्थापन एकाइ हुनेछ । (अध्यक्ष, महासचिव, कोषाध्यक्ष, प्रवक्ता, परियोजना प्रमुख सम्बन्धित विभाग प्रमुख् उपाध्यक्ष परियोजना प्रमुखसंग सहकार्य गर्नेछ ।

- संस्थालाई थप अनुशासित, मर्यादित र थप चम्किलो इमेज बिल्डिंग बनाउने गरि अनुशासन समिति, विधान समिति तथा सुपरिवेक्षण समितिले कार्य गर्ने छन् ।

- सम्पुर्ण पञ्जिकृत सदस्यहरूले अनलाइन मार्फत मतदान गर्ने व्यवस्था गर्न विधान संशोधन प्रकृयालाई अघि बढाउने निर्णय गरिएको छ । प्रोफेशनल कोडिनेशन काउन्सिलको गठन गर्न विधानमा आवश्यक संशोधन प्रस्ताव लैजाने पीसीसीले एक राष्ट्रिय समन्वय परिषद बराबरको मान्यता पाउने व्यवस्था गर्ने ।

  संस्थाको सम्पुर्ण प्रस्तावित समिति उपसमिति तथा कार्यदलले तत्काल पुर्णता पाउनेछ ।

**४. परोपकार तथा मानवीय सहायता विभाग - प्रस्तोता उपाध्यक्ष डा. हेमराज शर्मा, उपाध्यक्ष रामशरण सिम्खडा, प्रवक्ता फणिन्द्र पन्त**

- एक एनसीसी एक च्यारिटी परियोजना अन्तर्गत राष्ट्रिय समन्वय परिषदले गर्ने परियोजनामा कम्तिमा १० प्रतिशत योगदान आइसीसीले गर्ने निर्णय भएको छ । राष्ट्रिय समितिले संचालन गर्ने ती परियोजनाको सहयोगार्थ अन्तराष्ट्रिय समितिले आर्थिक संकलनमा सहयोग गर्ने तथा नेपालमा परियोजना सञ्चालनमा समन्वय गर्नेछ ।

- सबै राष्ट्रिय समन्वय परिषद्हरुले संघको एक एनसिसि एक परियोजना मार्फत नेपालको समृद्धिमा सहयोग गर्न हार्दिक अनुरोध गर्दछ । शिक्षा, स्वास्थ, सरसफाइ तथा पर्यावरण  स्वरोजगार सृजना गर्ने क्षेत्रलाइ प्राथमिकतामा राखिने छ ।

- गैरआवासीय नेपाली संघले जाजरकोट-रुकुम भुकम्पले क्षति गरेको संरचना पुनर्निर्माणका लागि १ करोड रुपैयाँ बराबरको आर्थिक सहयोग गर्ने निर्णय भएको छ । जस अन्तर्गत आवश्यकताको आधारमा शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा प्रोजेक्ट्स छानिने छ ।

  **लक्ष्य** संघले नेपालमा कुनैपनि प्राकृतिक रुपमा सृजित आपतकालीन अबस्थामा तत्काल सहयोग गर्न सकिने आर्थिक तथा मानविय तयारीको लागि बिशेष व्यवस्था गर्ने निर्णय भएको छ । **Disaster management** उपयुक्त ढंगले गर्नकोलागि संघले बिशेष तयारी गर्ने छ ।

  “पढ्दै कमाउदै परियोजना“ लागु गर्न संघले बिशेष ढंगले तयारी गर्ने छ ।

- संघको आर्थिक - सामाजिक सहकार्य योजना मार्फत स्थायीत्व फण्ड सृजना गरि परोपकारी कार्यलाई गुणात्मक वृद्धि गर्दै मानबिय सहायता र सामाजिक जिम्मेबार व्यवसायिक बाताबरण तथा स्वयंसेवकहरु परिचालन गरि प्रभाबकारी कार्य गर्ने छ।

**५. सीप, ज्ञान तथा प्रबिधि हस्तान्तरण विभाग- प्रस्तोता : उपाध्यक्ष डा. बिनोद श्रेष्ठ, सचिव डा. ज्ञानेन्द्र रेग्मी, सल्लाहकार डा. सन्जिब सापकोटा, प्रवक्ता फणिन्द्र पन्त**

- विदेशमा सिकेको ज्ञान सीप र विषयविज्ञतामा दखल राख्ने विज्ञहरूको सञ्जाल विस्तार गर्ने निर्णय भएको छ। जस अन्तर्गत विभिन्न पेशा संग सम्बन्धित "NRN PRO–HUBs" सृजना गरि सिप ज्ञान तथा प्रविधि हस्तान्तरणको सहजता प्रदान गरिने छ।

- विज्ञान तथा प्रविधि क्षेत्रमा संलग्न गैरआवासीय नेपालीको तथ्यांक तयार गर्दै तिनमा संलग्न शैक्षिक संस्था एवं अनुसन्धान केन्द्र र नेपालका शैक्षिक संस्था र अनुसन्धान केन्द्रबीच समन्वयको वातावरणका साथ प्राज्ञिक आदानप्रदान तथा नेपाल र नेपालीको फ्राथमिकताका आधारमा संयुक्त अनुसन्धान सम्बन्धी त्रियाकलापका लागि अनुकूल वातावरण तयार पार्न सम्मेलन प्रतिबद्धता व्यक्त गर्दछ। यसका निम्ति संघले एक स्थायी निकाय स्थापना गर्न पहल गर्नेछ।

- नेपालको कृषि तथा उत्पादन क्षेत्रलाई बिशेष प्राथमिकता साथ् बिशेष कृषि प्रबिधि, स्व-रोजगार तथा कृषि पर्यटन बिशेष स्थानीय इकोसिस्टम सृजनामा एनआरएनएले प्राबिधिक सहयोग तथा प्रवर्द्धकको भूमिका खेल्ने छ। जस अन्तर्गत नेपाल बाहिर रहेका एनआरएनहरुको खाली रहेको जमिनको पनि एकीकृत रुपमा सदुपयोग गर्न बिशेष कार्यक्रम मोडालिटी तयार पारि स्थानिय सरकारसंग हातेमालो कार्यक्रम ल्याइने छ।
- "एनआरएनए एकेडेमि"लाई शैक्षिक तथा विभिन्न तालिम युनिटको रुपमा थप विकशित गरिने छ।
- "एनआरएनए विश्व स्वास्थ्य समिति" मार्फत एनआरएनहरुको समग्र स्वास्थ्यको लागि जानकारी तथा परामर्श कार्यक्रममा थप तिब्रता दिइने छ।

  **लक्ष्य :** सन् २०३० सम्म प्रबासमा मानशिक स्वास्थ्य तथा डिप्रेसनको कारण आत्माहत्या गर्ने नेपालीको संख्या शुन्यमा झारिने लक्ष्यको साथ कार्यक्रम गरिने छ।

- "रक्त संचार प्रबिधि हस्तान्तरण समिति, BTSTT मार्फत नेपालमा भएको बिगतको कार्यप्रति संघ प्रसंसा गर्दछ। नेपालको सातै प्रदेशको "रक्त संचार सेवा"को वृद्धिविकास तथा गुणस्तर उन्नतिमा

नेपाल रेडक्रस तथा स्थानीय सरकार तथा संघ संस्थाहरु संगको सहकार्यमा एनआरएनएको सक्रिय साझेधारीलाई थप समस्या समाधान उन्मुख बनाइने छ ।

**लक्ष्य :** सन् २०३० सम्म नेपालमा उपचारमा आवस्यक “रक्त संचार” बिना निधन हुनेको संख्या शुन्यमा झार्ने उदेश्य साथ संघले सहकार्य र सहायता गर्ने छ । युवा संजालसंग सहकार्यमा “प्रविधि बिकासमा नया पुस्ता” को बिशेष कार्यक्रम ल्याइने छ ।

- एनआरएन नेपाल साइन्स फाउन्डेसनलाइ थप प्रभावकारी र बहुआामिक बनाइने छ ।

## ६. वैदेशिक रोजगार तथा कल्याणकारी कोष- प्रस्तोता अध्यक्ष डा. बद्रि के.सी.

- वैदेशिक रोजगारी तथा विदेशमा स्वरोजगारमा रहेका बढी भन्दा बढी नेपालीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न गैरआवासीय नेपाली संघ नेपाल सरकारसंग हाल जारी सहकार्यलाई थप अघि बढाउन प्रतिबद्ध छ । यसका साथै, गैरआवासीय नेपाली एवं विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकहरुले विदेशबाट पठाएको विप्रेषणलाई उपभोगमुखीभन्दा पनि उत्पादनमुखी क्षेत्रमा लगानीका लागि प्रोत्साहन गर्दै सामूहिक लगानीको योजनामार्फत राष्ट्र विकासमा योगदान गर्नका लागि ठोस योजना यथाशक्य छिटो ल्याउन संघ नेपाल सरकार समक्ष अनुरोध गर्दछ ।

- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन दक्ष तथा तालिम प्राप्त जनशक्ति मात्र विदेशमा पठाउने, थप नया“ गन्तव्य मुलुक पहिचान गरेर उक्त देशको परिवेश अनुसार सचेतनात्मक सूचना प्रवाह गर्ने तथा श्रम सम्झौता भएको मुलुकसंग नवीकरण र नयां सम्भावित गन्तव्य मुलुकसंग श्रम सम्झौता गर्न संघ अनुरोध गर्दछ ।

- वैदेशिक रोजगारबाट फर्किएका नेपालीहरुको ज्ञान सीप र प्रविधि नेपालको व्यवसायिक तथा आर्थिक विकासमा योगदान हुनेगरी पुनःएकीकरण सहित, नेपालमा रोजगारी सिर्जना, उद्यमशिलता विकास तथा वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूको जीवनस्तर उकास्न सहयोगी हुने किसिमका सीपमुलक कार्ययोजना निर्माण तथा कार्यान्वयनमा नेपाल सरकारसँग सहकार्य गर्न संघ प्रतिबद्ध छ ।

- वैदेशिक रोजगार कल्याणकारी कोषमा वर्तमानमा भएको करिब रु. ४ करोड फन्डलाई यस कार्यकालमा रु. ५ करोड प्लस बनाइने र शसक्त रुपमा श्रमिकको सेवा र ससक्तिकरणको कार्यमा परिचालन गरिने छ ।

- वैदेशिक रोजगार परामर्श कार्यक्रम केन्द्रिय सचिबालय तथा ६ वटा नै क्षेत्रमा संचालन गरिने छ। वर्तमानमा नेपाली श्रमिकको गन्तव्य विश्वव्यापी भएकोमा संघ जानकार छ। संघले नेपाल सरकारका नियोगहरु तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंगको सहकार्यमा "सुरक्षित र सुसुचित श्रम" भन्ने अभियान नै चाल्ने छ।

**७. एनआरएन कल्याण विभागः प्रस्तोता उपाध्यक्ष रामशरण सिम्खडा, कुमार कार्की, पूर्व उपाध्यक्ष हितमान गुरुङ, सरोज दाहाल, डा. हेमराज शर्मा तथा ६ प्रमुख राजनीतिक दलका नेताहरु**

- नेपालको संविधान २०७२ को संविधानतः गैरआवासीय नेपाली नागरिकताको वितरण नेपालको सबै जिल्ला प्रशासन कार्यलयबाट भईरहेको प्रति राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, गृह मन्त्रीज्यू, नेपाल सरकार लगायत सम्बन्धित सरोकारवाला प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछ।

- हाल गैरआवासीय नेपाली नागरिकता प्राप्त भएका व्यक्तिहरुको सम्पत्ति, भिसा प्राप्ति लगायतका अन्य सुविधाहरुमा नेपाली नागरिक सरह सहज तरिकाले भोगचलन गर्न पाउनको तत् सम्बन्धी कानून बनाई तथा सरोकारवाला निकायहरुमा यथाशीघ्र परिपत्र गर्नको लागि संघ हार्दिक अनुरोध गर्दछ।
- विदेशमा बस्ने नेपाली नागरिकहरुलाई मताधिकारको व्यवस्था भइसकेको अवस्थामा त्यसको कार्यान्वयनका लागि हाल बनिरहेको आवश्यक ऐन, कानून निर्माण कार्यलाई तीव्रता दिनुका साथै नेपाली नागरिकतावाहक गैरआवासीय नेपालीहरुले सम्बन्धित देशस्थित नेपाली कूटनीतिक नियोगहरुमार्फत मतदाता नामावलीमा नाम दर्ता गर्ने एवं राष्ट्रिय परिचयपत्र समेत बनाउन सक्ने व्यवस्था मिलाउनका लागि नेपाल सरकार, निर्वाचन आयोग लगायत सम्बद्ध निकायहरुलाई संघ हार्दिक आग्रह गर्दछ।

- गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न कठिनाई हुने मुलुकमा बसोबास गर्ने नेपालीलाई हाल प्रदान गर्दै आएको गैरआवासीय नेपाली परिचयपत्रलाई थप अधिकार सहित निरन्तरता दिन र साथै थाईल्याण्ड, म्यानमार, मलेसिया, फिजी लगायतका देशहरुमा पुस्तौ देखि बसोबास गरी आएका नेपालीहरुलाई सहज रुपमा नेपालसंग जोड्न सामाजिक, साँस्कृतिक र आर्थिक अधिकार सहितको गैरआवासीय नेपाली परिचय पत्र प्रदान गर्नको लागि गैरआवासीय नेपाली ऐनमा संशोधन गर्न अनुरोध गर्दछ।

- एनआरएनहरुको संस्कृतिक, आर्थिक तथा मानबिय अधिकारको पूर्ण प्राप्ति तथा प्रयोगमा सहजता प्रदान गर्ने बिषयमा सम्पूर्ण राजनीतिक दलका नेताहरुको एक मत रहेको छ। नेपालमा थप लगानी तथा संलग्नता मार्फत सम्बंध प्रगाड बनाउन र संघको बर्तमान निर्बाचित नेतृत्वलाइ सरकारले सम्बन्धन र सहयोग गर्नुपर्नेमा उपस्थित सबै राजनीतिक दलका नेताहरुको ऐक्यबद्धता रहेको छ।

**८. आर्थिक स्थायित्व विभागः प्रस्तोता प्रबक्ता फणिन्द्र पन्त तथा रबिना महर्जन एकाउन्ट अफिसर (कोषाध्यक्ष - सुदन कुमार थापा)**

- संघले विगत ९० दिनको समयमा कुल योगदान रु. ६ करोड पैसठी लाख एकानब्य हजारका सामाजिक योगदानलाई (पूर्व) निर्धारित क्षेत्रमा सफल रुपमा हस्तान्तरण गरेको छ। जसमध्ये स्वास्थ्य रु. ४,६०,००,०००), खेलकुद (रु.३३,००,०००), वैदेशिक रोजगार (रु.२८,५०,०००), शिक्षा (रु. २७,५०,०००), आपतकलीन सेवा/भुकम्प प्रकोप आदि (रु. १,२४,६८,२७५.११)।

- संघले ११औ विश्व सम्मेलन तथा तेश्रो ज्ञान सम्मेलनमा जम्मा रु ३,०५,०४,५२७।५३ खर्च गरेको छ।

- संघले ११ औ विश्व सम्मेलनमा जम्मा रु. ५,२९,२१,३७७।५६ (नोमिनेसन, स्पोन्सर तथा दर्ता शुल्क) आम्दानी गरेकोमा, रु. ४,५३,७३,०२१।३१ प्राप्त भैसकेको र स्पोन्सर शुल्कको रु. ७४,२५,११५।२५ प्राप्त हुन बाँकी रहेको छ।
- संघको कोषमा एनसीसीबाट सदस्यता शुल्कको (बिधानत प्राप्त हुने २०००) मार्फत जम्मा रु. ५,४२, ८२,२७८,३६ र प्रत्येक आइसीसी सदस्यले बिधानत जम्मा गर्नु पर्ने रु १ लाख प्रति सदस्य बापत जम्मा १८३ जनाको रु १ करोड ८३ लाख बाट जम्मा आम्दानी रु ७ करोड २५ लाख ८२ हजार २७८,३६ छ। जस मध्ये रु १ करोड ६८ लाख ०८, हजार ८५१ उठाउनु पर्ने छ। यस बैठकले बाँकी रकम जम्मा हुनुपर्ने अन्तिम अवधि आगामी ३० दिनको तोकेको छ।

- संघले प्राप्त हुनुपर्ने सबै खाले रकमहरु समयमै प्राप्त नभएमा नियम बमोजिम हुने तथा अनुशासन तथा नैतिक जिम्मेबारी सम्बन्धित व्यक्तिकै हुने गरि निर्णय गरेको छ।

- २९ पौष, २०८० को रिपोर्टिंग मिति सम्ममा संघमा रु १४ करोड ९० लाख ५७ हजार ५८३,१७ मौजाद रकम छ। जस मध्ये रु ५ करोड ३ लाख, ७४ हजार बिभिन्न कोषको मुद्दती खातामा छ।

- संघ हाल आर्थिक रुपमा स्वस्थ र सुचारु अबस्थामा छ। संघका कार्ययोजना प्रभाबकारी रुपमा संचालन गर्न आवधिक बजेट व्यवस्था गरिने तथा आम्दानीका श्रोत पहिचान गरि सामाजिक सहकार्य योजना

मार्फत कम आर्थिक लगानीमा अधिकतम सामाजिक प्रभाब हँसिल गर्ने नीति तथा कार्यक्रम अघि सारिने छ ।

- संघले आर्थिक अनुशाशनमा शुन्य सहनशीलताको नीति लिएकोमा यो कार्य थप पारदर्शी र प्रभावकारी रुपमा अघि बढाइने छ ।

- संघको आन्तरिक श्रोत तथा बाह्य - अर्न्तराष्ट्रिय सहकार्य फन्ड आकर्षित गरि दुरगामी लक्ष प्राप्तिको लागि पार्टनरशिप प्रोजेक्ट्सहरु पहिचान गरि संचालन गर्ने छ ।

## ९. नेपाल प्रवर्द्धन बिभागः प्रस्तोता उपाध्यक्ष रोबिन प्रसाद शेरचन

- कोशी प्रदेश सरकारसंगको सहकार्यमा कोशी प्रदेशमा एक चिया फेस्टिवलको आयोजना गर्ने निर्णय गरियो ।

- प्रबासमा नेपाली भाषा, साहित्यको निरन्तर बिकासमा संघले सक्रिय भूमिका खेल्ने । सम्बन्धित विषयमा निश्चित उदेश्य बोकेका संस्थाहरु संगको विश्वव्यापी सहकार्यमा जोड दिने र नेपाली भाषा र संस्कृति मार्फत पुस्ता जोड्न बिशेष कार्यक्रम ल्याइने छ ।

- नेपाल सरकारले आयोजना गर्न लागेको पर्यटन वर्षलाई सहयोग गर्न सबै राष्ट्रिय समन्वय परिषदहरुलाई आफ्नो मुलुकबाट अत्यधिक मात्रामा पर्यटक पठाई नेपालको पर्यटन प्रवर्द्धधनमा सहयोग गर्न संघ हार्दिक अनुरोध गर्दछ ।

## १०. लगानी तथा व्यापार प्रवर्द्धन विभागः सचिब पारसमणि पोखरेल, लोकराज शर्मा, प्रबक्ता फणिन्द्र पन्त

- यस विभाग अन्तर्गत सामाजिक उद्यमशिलता (Social Enterepreneurship) समितिलाई अनुमोदन गरी श्री लोक राज शर्मालाई उक्त समितिको संयोजक तोकिएको छ ।
- गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउने सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चन हटाई आवश्यक कानून संशोधन गर्न संघ नेपाल सरकार संग आग्रह गर्दछ ।
- गैरआवासीय नेपाली ऐन लगायत गैरआवासीय नेपालीसंग प्रत्यक्ष सरोकार राख्ने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA) तथा त्यस सम्बन्धि नियमावली तथा आदेशमा संशोधन गरी

गैरआवासीय नेपालीको लगानी अभिबृद्धि गर्नको लागि नेपाल सरकार तथा सरोकारवाला निकायलाई संघ हार्दिक अनुरोध गर्दछ ।

- गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्यान सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चनलाई संशोधन गर्नु आवश्यक ठानिएको छ । यसर्थ, लगानी भित्र्याउनुका साथै, स्वदेशमै रोजगारी सिर्जना, उद्यमशिलता तथा पूर्वाधार विकास र नेपालीहरूको जीवनस्तर उकास्न सहयोग हुने गरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरुको लगानी प्रोत्साहित गर्न संघ प्रतिबद्ध छ ।
- सामाजिक उद्दमशिलता कार्यक्रमहरु महिला, युबा तथा बिभिन्न विज्ञ समूह बीचको सामुहिक सहकार्य फोरम मार्फत प्रभाबकारी रुपमा अघि बढाइने निर्णय भएको छ ।
- नेपाल भित्र र नेपाल बाहिर स्वरोजगार सृजना गर्न संघले बिशेष पहल गर्ने छ ।

**११. युवा विभाग - प्रस्तोता उपाध्यक्ष रोशन थापा, युवा संयोजक सुपेन्द्र घिसिंग**

- NRNA Sports Academy लाई विशेष महत्वको साथ विकास गरिने छ ।
- विश्वका विभिन्न देशमा अध्ययनको लागि पुगेका नेपाली विद्यार्थीहरुको लागि राष्ट्रिय समितिहरुमा विद्यार्थी सहयोग सेन्टरको स्थापना गर्न राष्ट्रिय समितिहरुलाई आग्रह गर्ने ।
- विदेशमा रहेका भावी पुस्तालाई नेपाली भाषामा पहुँच पुराउने उद्देश्यले भौतिक, डिजिटल तथा भर्चुअल भाषा कक्षा संचालन गर्न हरेक एनसीसीलाई प्रोत्साहन गरिने छ । साथै नेपाली भाषाकक्षाको लागि आधारभूत पाठ्यसामग्रीमा एकरुपता दिंदै सबै एनसीसी मार्फत सहकार्यमा उपलब्ध गरिने कार्यक्रम ल्याइने छ ।
- अमेरिकामा हुने टि २० क्रिकेट प्रतियोगितालाई सहयोग गर्न एक विषेश समितिको गठन गर्ने । नेपाल क्रिकेट संघसंग दिर्घकालिन विकासको लागि विशेष पार्टनरशिप सम्झौता गरिने छ ।

## १२. विविध छलफलहरु तथा निर्णयहरुः

बैठकले तपसिल बमोजिमका विभिन्न राहत तथा सहयोग सम्बन्धि कुराहरुलाई समेत अनुमोदन गरेको थियो :

- कोशी, मधेश तथा लुम्बिनी प्रदेशलाई मोबाइल ब्लड बस हस्तान्तरण तथा सेती तथा महाकाली अस्पताललाई अक्सिजन प्लान्ट हस्तान्तरण (पुरानै कार्यसमिति रहेका बेलामा निर्णयभई संचालित परियोजनाहरु) ।
- नेपाल क्रिकेट संघलाई रु १० लाख नगद हस्तान्तरण सहित दिर्घकालिन सहकार्यको लागि संयुक्त रुपमा पहल गर्ने ।
- नेपाल भलिबल संघलाई रु ८ लाख नगद हस्तान्तरण तथा दीर्घकालीन सहकार्यका लागि संयुक्त रुपमा पहल गर्ने ।
- जाजरकोट जिल्लाका विभिन्न स्थानमा भुकम्प पीडित दलित तथा विपन्न परिवारहरुका लागि करीव रु ८ लाख बरावरका राहत सामग्री हस्तान्तरण गर्ने ।
- धनकुटा नगरपालिका, वडा नं ०४ स्थित बाल आश्रममा रहेका असहाय बालबालिकाहरुका लागि संघको महिला विभागबाट रु २ लाख रकम नगद सहयोग गर्ने ।
- सिन्धुपाल्चोक जिल्लाका विभिन्न विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि रु.३ लाख ५० हजार बरावरका केही राहत तथा खेलकुद सामग्रीहरु विद्यालयहरुलाई सहयोग गर्ने ।
- ईलाम स्थित रेडहर्ष फुटबल क्लवको अगुवाईमा प्रथम एनआरएनए ईलाम गोल्डकप फुटबल प्रतियोगिता संचालनका लागि संघबाट रु.५८०,००० सहयोग प्रदान गर्ने जसमा रु.२ लाख ३० हजार संघको तर्फबाट र बाँकी रकम संघका महासचिव गौरीराज जोशीबाट रु १ लाख तथा युवा उपाध्यक्ष रोशन थापाबाट रु २ लाख ५० हजार प्रायोजन गरिने छ ।
- पोखरा म्याराथुनका लागि संघबाट रु.७ लाख ५० हजार सहयोग प्रदान गरिने छ ।
- फारवेष्ट छैठौं एनआरएनए फुटबल प्रतियोगिता संचालनका लागि धनगढीस्थित पशुपति युवा क्लवलाई संघबाट रु. २५०,००० प्रायोजन गरिएको थियो जसलाई बैठकले अनुमोदन गरेको छ ।

९५औ आइसीसी बैठकको समापन - अध्यक्ष डा. बद्रि के.सी.द्वारा प्रत्यक्ष तथा परोक्ष रुपमा सहभागी भई योगदान गर्ने सम्पूर्णमा हार्दिक धन्यबाद तथा मायाको चिनो प्रदान गर्दै मिटिंगको समापन गर्नु भयो ।